

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : ३०२ ॥ २०७९ पौष १२ गते मंगलबार (27th Dec 2022 Tuesday) | **Pratidin** National Daily | dÑo-?÷%÷-


### प्रधानमन्त्री दाहालले गरे पदभार ग्रहण

## आठ सदस्यीय मन्त्रिपरिषद् गठन

झापा(प्रस) । नवनिर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहालले तेस्रो पटक प्रधानमन्त्रीको पदभार ग्रहण गरेका छन् । सोमबार साँझ सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उनले पदभार ग्रहण गरेका हुन् ।

यसअघि दाहाललाई शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा आयोजित कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ गराएकी थिइन् । दाहाल पहिलो पटक २०६५, दोस्रो पटक २०७४ प्रधानमन्त्री बनेका थिए ।

उनको दुवै कार्यकाल ९-९ महिनाको रह्यो । पहिलो पटक एमालेसँग गठबन्धनमा सत्तामा पुगेका दाहाललाई दोस्रो पटक भने नेपाली कांग्रेसले सहयोग गरेको थियो ।

मंसिरमा भएको आमनिर्वाचनमा नेपाली कांग्रेससँग चुनावी गठबन्धन गरेका दाहाल एमालेसँगको गठबन्धनमा सरकारमा गएका हुन् । एमाले र माओवादी केन्द्रबीच आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति भएको छ ।



प्रधानमन्त्री दाहालले तीन उपप्रधानमन्त्रीसहित आठ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् । आइतबार मात्रै उनी नेपालको प्रधानमन्त्रीमा नियुक्त भएका थिए ।

मन्त्रिपरिषदमा उपप्रधानमन्त्री एवं अर्थमन्त्रीको जिम्मेवारी विष्णु पौडेलले सम्हालेका छन् । यस्तै, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको रूपमा नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री एवं गृहमन्त्रीमा रवि लामिछाने छन् । अर्थमन्त्री पौडेलले यसअघि पनि अर्थमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष समेत रहेका नेता श्रेष्ठले यसअघि पनि परराष्ट्रमन्त्री र गृह मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । उपप्रधान एवं गृहमन्त्रीको जिम्मेवारी सम्हालेका लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्ष हुन् ।यस्तै, मन्त्रीहरू ज्वालाकुमारी साह, दामोदर भण्डारी, राजेन्द्रकुमार राई र अब्दुल खान पनि मन्त्रिपरिषदमा सहभागी छन् । उनीहरुको जिम्मेवारी तोकिएको छैन ।

एमालेका उपाध्यक्ष समेत रहेका उपप्रधानमन्त्री पौडेलले सोमबारबाट छैटौं पटक मन्त्रीका रूपमा सिंहदरबारको यात्रा सुरु गरेका हुन् । तेस्रोपटक अर्थमन्त्रालय सम्हालेका उपप्रधानमन्त्री पौडेल एमालेबाट पटक-पटक मन्त्री बन्ने एमाले नेतामा पर्छन् ।

वर्तमान गठबन्धन निर्माण गर्न सुरुदेखि नै सक्रिय रहेका ६३ वर्षका पौडेल एमालेको गत वर्ष भएको महाधिवेशनबाट उपाध्यक्ष बनेका हुन् । सत्ता समीकरण निर्माण गर्न चलाख मानिने पौडेल केपी शर्मा ओली प्रधानमन्त्री हुँदा दुई पटक अर्थमन्त्री बनेका थिए ।

पहिलोपटक पटक उनी २०५३ सालमा पहिलो पटक युवा खेलकुद तथा संस्कृति मन्त्री भएका थिए । त्यसैगरी पुष्पकमल दाहाल पहिलो पटक प्रधानमन्त्री बन्दा २०६५ सालमा पौडेल जलस्रोतमन्त्री बनेका थिए । त्यसैगरी झलनाथ खनालको नेतृत्वमा २०६७ सालमा बनेको मन्त्रिपरिषद्मा पौडेल रक्षामन्त्री थिए ।

❖ **बाँकी अन्तिम पृष्ठमा**

## प्रदेश १ का सांसदले लिए शपथ

झापा(प्रस) । प्रदेश १ का नवनिर्वाचित प्रदेश सांसदले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेशसभाका ज्येष्ठ सदस्य ७९ वर्षीय गयानन्द मण्डल गनगाईंले उनीहरूलाई शपथ ग्रहण गराएका हुन् । प्रदेश १ का ६ जना प्रदेश सांसदले मातृभाषामा सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन् । उनीहरूलाई प्रदेशसभाका ज्येष्ठ सदस्य ७९ वर्षीय गयानन्द मण्डलले शपथ ग्रहण गराएका हुन् । प्रदेश सांसदमा पाँचथर १(२) बाट दोस्रो पटक निर्वाचित आर्थिक मामिला तथा योजनामन्त्री माओवादी केन्द्रका इन्द्रबहादुर आङ्बो, इलाम १(१) बाट निर्वाचित पर्यटन तथा संस्कृतिमन्त्री नेकपा (एकीकृत समाजवादी) की खिनुलङ्वा लिम्बूले मातृभाषा याक्थुङ/ लिम्बू भाषामा शपथ



लिएका छन् । यस्तै, नेकपा (एकीकृत समाजवादी) का पाँचथर १(१) बाट निर्वाचित कमलप्रसाद जबेगु, कांग्रेसका ताप्लेजुङ १(२) बाट निर्वाचित खगेनसिंह हाङ्गाम र जनता समाजवादी पार्टीकी निर्मला लिम्बूले मातृभाषा याक्थुङ/ लिम्बू भाषामा शपथ लिएका हुन् । कांग्रेसकी सुनिता गच्छदार चौधरीले थारू भाषामा शपथ लिएकी छन् । ९३ सदस्यीय प्रदेशसभामा एमालेले ४०, कांग्रेसले २९, माओवादी केन्द्रले १३, राप्रपाले ६, नेकपा (एकीकृत समाजवादी) ले ४ र जनता समाजवादी पार्टीले १ जना प्रदेश सांसद प्राप्त गरेका छन् । जसमा आदिवासी जनजाति समुदायका ३९, खस/आर्य समुदायका ३७, मधेसी समुदायका ६, थारु र राजवंशी समुदायका ५, दलित समुदायका ४ र मुस्लिम समुदायका २ जनाको प्रतिनिधित्व रहेको छ ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय**
भद्रपुर, झापा।

**सम्पूर्ण खाद्य तथा दाना व्यवसायीहरुलाई सूचना**

खाद्य/दाना पदार्थको प्रशोधन, प्याकेजिङ्ग गरि बिक्री वितरण गर्ने उद्योगहरुले खाद्य ऐन २०२३को दफा ४(ख) तथा खाद्य नियमावली २०२७ को नियम २४,एवं दाना ऐन २०३३ को दफा ७र दाना पदार्थ नियमावली, २०४१ को नियम १८ बमोजिम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा अन्तर्गतका कार्यालयहरुबाट अनिवार्य रुपमा अनुज्ञापत्र लिनु पर्ने तथा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र नवीकरण गरेर मात्र खाद्य तथा दाना पदार्थ उत्पादन तथा बिक्री वितरण गर्नु व्यवस्था भएको व्यहोरा सरोकारवाला सबैलाई जानकारी गराईन्छ।थप जानकारीको लागि सम्पर्क

**मो: ९८५२६५६१११**




**पुरानो भकारी -झापा बिर्तामोड-१० बिराटपोखरका पवन राजवंशीको घरमा अन्न भण्डारण गर्ने पुरानो भकारी । यस्ता भकारीहरु पहिले प्रशस्तै प्रयोगमा आउँथे तर, अहिले हराउँदै गएका छन् । (तस्बिर :- सुरेश आले 'सर्जु')**

## होल्डिङ सेन्टर प्रयोगविहीन

झापा(प्रस) । छिमेकी राष्ट्र चीन र भारतमा फेरि कोरोनाको नयाँ भेरियन्ट तीव्र गतिमा फैलिरहेको छ । खुला सीमा नाकासँग जोडिएको भारत र छिमेकी चीनमा कोरोना देखा परेसँगै सो जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य प्रोटोकल पालना गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयले देशभरका निकायहरूलाई निर्देशन दिइसकेको छ। कोरोना संक्रमणको त्रास बढेपनि निर्माण सम्पन्न भएको महिनौं बितिसक्दा समेत झापा र विराटनगरमा निर्माण गरिएको होल्डिङ सेन्टर सञ्चालनमा आउन सकिरहेका छैनन्। सरकारले करोडौं लगानी गरेर निर्माण गरेको होल्डिङ सेन्टर अहिले प्रयोगविहीन अवस्थामा छन्। सेन्टरको रेखदेखका लागि नेपाली सेना खटाइएको छ। देशभर कोरोना कहर देखिएका बेला पूर्वी नाकाबाट नेपाल प्रवेश गर्ने नागरिकलाई लक्षित गरी सरकारले झापाको मेचीनगर नगरपालिका -१४ दुवागढीस्थित हडिया खोला किनारमा २८ करोडको लागतमा एक हजार क्षमताको होल्डिङ सेन्टरको निर्माण कार्य अगाडि बढाएको थियो। तर, उक्त होल्डिङ सेन्टर निर्माण सम्पन्न भएको करिब ८ महिना बितिसक्दा समेत अझै सञ्चालनमा आउन सकेको छैन। नेपाली सेनाको संरक्षणमा चार विगाह क्षेत्रफलमा एक हजारजना अट्ने क्षमताको होल्डिङ सेन्टरमा २२ वटा पक्की भवन बनाइएको छ । १४ वटा क्वारेन्टीन, दुई वटा डाक्टर र स्वास्थ्यकर्मी बस्ने भवन, १२ वटा डाइनिङ हल, दुई वटा एडमिन किचन, एउटा सेन्ट्रल किचन र १६ वटा शौचालयलगायतका संरचनाहरू निर्माण भइसकेको छ। कोरोना त्रास फेरि बढेको छ। तत्काल होल्डिङ सेन्टर प्रयोगमा ल्याउनु पर्‍यो वा सो सेन्टरलाई अन्य प्रयोजनमा लगाउनु पर्ने स्थानीयको भनाइ छ। निर्माण गरेर छाडेको भवन प्रयोगमा ल्याइएन भने त्यो झन् जीर्ण बन्दै जाने उनीहरूको तर्क छ। कोरोनाको दोस्रो लहरको समयमा भारतबाट आउने नागरिकलाई राख्न स्थानीय प्रशासनलाई ठूलै समस्या भएको थियो। त्यसलाई मध्यनजर गर्दै सरकारले गत पुस मसान्तभित्रमा निर्माण कार्य सक्ने गरी होल्डिङ सेन्टरको निर्माण सम्पन्न गर्न नेपाली सेनालाई जिम्मा लगाएको थियो। राज्यको करोडौं रकम खर्चेर बनाइएको होल्डिङ सेन्टर मेचीनगरको सम्पत्ति भएको मेचीनगर १४ का वडाध्यक्ष बाबुलाल सुब्बाले बताए। यसलाई सही तरिकाले समयमा नै प्रयोगमा ल्याउनु राज्यको दायित्व भएको उनको भनाइ छ। पहिलो लहरमा नेपाली सेनाले आफैं होल्डिङ सेन्टर निर्माण गरेपनि दोस्रो र तेस्रो लहरमा समस्या नहोस् भनेर सरकारले झापासहित तराईका आठ जिल्लामा सुविधायुक्त होल्डिङ सेन्टर निर्माण कार्य अगाडि बढाएको थियो। कोरोनाको त्रास बढेकाले यस होल्डिङ सेन्टरलाई कसरी प्रयोग गर्ने विषयमा गृहकार्य भइरहेको झापाका सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले बताए। कोरोना संक्रमण ह्वातै बढ्ने र फेरि घटेर जाने हुँदा यसलाई प्रयोगमा ल्याउन केही समस्या भएको हो। पूर्वाधारका सबै काम पूरा भइ हाल नेपाली सेनाले संरक्षण गरिरहेको बताउँदै न्यौपानेले भने, 'होल्डिङ सेन्टरलाई प्रयोगमा ल्याउन आन्तरिक छलफलसँगै माथिल्लो निकायको परामर्शका लागि लिखित रुपमा पत्राचार गरिसकेको अवस्था छ।' होल्डिङ सेन्टर प्रयोगमा ल्याउन चिकित्सकसहितको आवश्यक जनशक्ति नै ठूलो चुनौती रहेको उनको भनाइ छ। कोरोना संक्रमण दर न्यूनीकरणको उद्देश्यका साथ विराटनगरमा नेपाली सेनाले होल्डिङ सेन्टर बनाएको थियो। विराटनगर महानगरपालिका-१६ स्थित जुट मिल्स परिसरमा निर्माण गरिएको १ हजार जना अटाउन सक्ने क्षमताको होल्डिङ सेन्टर सञ्चालनमा आउन नसकेर प्रयोगविहीन बनेको छ। हाल उक्त संरचनामा नेपाली सेना र सशस्त्र प्रहरी बसिरहेका छन्। होल्डिङ सेन्टर पनि सेनाकै रेखदेखमा छ। कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संघीय सरकारले उपलब्ध गराएको २८ करोड ९१ लाख रुपैयाँको बजेटमा होल्डिङ सेन्टरको निर्माण कार्य सम्पन्न गरिएको थियो। हनुमान कन्स्ट्रक्सनमार्फत् नेपाली सेनाले विराटनगर जुट मिल्सको ५ बिगाह क्षेत्रफलमा अत्याधुनिक संरचनासहितको २२ कोठे होल्डिङ सेन्टर निर्माण गरेको थियो। तर, उक्त होल्डिङ सेन्टर हालसम्म सञ्चालनमा आउन सकेको छैन। होल्डिङ सेन्टर प्रदेश सरकारलाई हस्तान्तरण समेत गरिएको छैन। मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलका अनुसार कार्यविधि बनाएर उक्त होल्डिङ सेन्टर प्रदेश सरकारले सञ्चालन गर्ने तयारी थियो। तर, कार्यविधि नबन्दा हाल उक्त संरचना प्रयोगविहीन अवस्थामा छ। 'सरकारी निर्णयानुसार प्रदेश वा संघीय सरकारलाई दीर्घकालीन विपद् व्यवस्थापनका लागि होल्डिङ सेन्टर हस्तान्तरण गर्ने भनिएको थियो,' उनले भने, 'तर, कार्यविधि नै नबन्दा अहिले सो संरचना प्रयोगमा आउन सकेको छैन्। त्यहाँ अहिले घेराबाराको काम पनि बाँकी नै छ।' शनिबार एक विज्ञप्ति जारी गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छिमेकी राष्ट्रहरूमा कोभिडको बिएफ ७ नामक नयाँ भेरिएन्टको जोखिम बढ्दै गएको जनाएको थियो। खुल्ला सिमानाका कारण नेपालमा पनि यसको संक्रमण देखिन सक्ने भन्दै मन्त्रालयले आवश्यक स्वास्थ्य सतर्कता अपनाउन आग्रह समेत गरेको थियो। तर, कोभिड संक्रमण न्यूनीकरणको मुख्य आधार भनिएको होल्डिङ सेन्टर प्रयोगविहीन हुँदा यसले थप जोखिम सिर्जना गरेको छ ।



कार्यविधि निमार्णको सन्दर्भमा प्रदेश १ सरकार पनि बेखबर देखिएको छ। होल्डिङ सेन्टर सञ्चालन कार्यविधिको विषयमा प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका प्रवक्ता सुरेश मेहता आफुलाई केही पनि जानकारी नभएको बताउँछन्। उनी भन्छन्, 'हामीलाई केही जानकारी छैन। आन्तरिक मामिला मन्त्रालयलाई थाहा होला।' सोही सन्दर्भमा बोल्दै प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव उमेश बस्नेत आफू पनि यस विषयमा जानकार नरहेको जिकिर गर्छन्। उनी भन्छन्, 'यस विषयमा स्वास्थ्य वा सामाजिक विकास मन्त्रालयलाई थाहा होला।' अहिले मोरङको याङशिलास्थित कालीशक्ति गणले होल्डिङ सेन्टर रेखदेखको कार्य गरिरहेको छ। नेपाली सेनाले ६० दिनभित्र निर्माण सम्पन्न गर्ने गरी २०७८ असार ३ गते होल्डिङ सेन्टरको ठेक्का प्रक्रिया अघि बढाएको थियो। तर, बजेट निकासा, स्थान छनोटमा विलम्ब र वर्षायामले पुर्‍याएको अवरोधका कारण निर्माण कार्यमा केही ढिलाइ भएको थियो। २२ वटा भवनसहित निर्माण भएको होल्डिङ सेन्टरसँग १ हजार जना अटाउन सक्ने क्षमता छ। २२ वटा एट्याच बाथरुम र १५ वटा किचेन पनि सेन्टरभित्रै निर्माण गरिएका छन्।

# 'मिस तामाङ वर्ल्ड २०२२' को तयारी शुरु



बिर्तामोड(प्रस) । मिस तामाङ फाउण्डेशनले 'मिस तामाङ वर्ल्ड २०२२' का लागि तयारी शुरु गरेको छ । फाउण्डेशनले आइतवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी दोस्रो संस्करणको मिस तामाङ वर्ल्डको तयारीका बारेमा जानकारी दिएको हो । फाउण्डेशनले 'मिस तामाङ वर्ल्ड २०२२' फाइनल अडिसन भारतको सिलिगुडीमा आगामी फेब्रुअरी ११ तारिखमा गर्ने तयारी गरेको जनाएको छ । फाउन्डेशनका अध्यक्ष मिलन मोक्तानले सो प्रतियोगितामा नेपाल , भारत , अष्ट्रेलिया , अमेरिका र जापानका गरी करिव ९० जना सहभागी हुने बताए । उनले अहिलेसम्म नेपालका ४१ र भारतका १९ जनाले अनलाइनमार्फत फारम भरिसकेको जानकारी दिए । उनले डिसेम्बर अन्तिमसम्म फारम भर्ने म्याद रहेको बताउँदै जनवरी ३, ४ र ५ मा अडिसन लिने र त्यसपछि सहभागीहरुलाई एक महिनाको तालिम दिइने जानकारी दिए । मिस वर्ल्डका लागि १६ बर्ष पूरा भएका, अविवाहित र कक्षा १२ पास गरेका युवतीहरु हुनुपर्नेछ । भारतको सिक्किम, सिलिगुडी र नेपालको काठमाडौंमा प्रत्यक्ष अडिसन हुने र अन्य स्थानमा भर्चुअल माध्यमबाट अडिसन गरिने अध्यक्ष मोक्तानले जानकारी दिए । अडिसनबाट छनोट भएका प्रतियोगीहरुलाई नेपालमा बिभिन्न स्थानमा २० दिन र भारतमा १० दिन तालिम दिइने भएको हो । अलग-अलग ७ वटा बिधामा छनोट हुने प्रतियोगितामा मिस तामाङ वर्ल्डकी विजेताले नगद १० लाख रुपैयाँसहित गिफ्ट ह्याम्पर पाउने जनाइएको छ । प्रतियोगिताका लागि एक करोड ४ लाख अनुमानित खर्च हुने र व्यापारीक संघसंस्थारतामाङको धर्म संस्कृतिलाई माया गर्नेबाट आर्थिक संकलन गरिने आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा प्रदेश नं. १ का सांसद गोपाल तामाङ, रोङ गाउँपालिकाका अध्यक्ष सुवास तामाङ, 'मिस तामाङ वर्ल्ड २०२२' (पहिलो सिजन) की बिजेता साङ डोमा तामाङलगायतले आ-आफ्नो भनाई प्रस्तुत गरेका थिए ।

फाउण्डेशनका महासचिव केवल तामाङले स्वागत गरेको कार्यक्रममा सिक्किम तामाङ बौद्धिष्ट एशोसिएसनका उपाध्यक्ष सुरेन्द्र मोक्तान, फाउण्डेशनका कोषाध्यक्ष अदिप तामाङलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी तिलक योञ्जनले गरेका थिए । कार्यक्रममा सांसद तामाङ, रोङ गाउँपालिकाका अध्यक्ष सुवास तामाङलगायतलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# आधा घट्यो इन्धन आयात




झापा(प्रस) । चालू आर्थिक वर्षको पाँच महिना (साउन-मंसिर)मा इन्धन आयात ११ प्रतिशतले घटेको छ । भन्सार विभागको तथ्याङ्कअनुसार पाँच महिनाको अवधिमा ८९ अर्ब ३० करोड ९६ लाख ६ हजार रुपैयाँ बराबरको ९ लाख ८८ हजार ९२८ किलोलिटर (डिजेल, पेट्रोल, मट्टीतेल, हवाई इन्धन, ग्यास) आयात भएको छ । अघिल्लो वर्ष सो अवधिमा एक खर्ब ९८ करोड ८२ लाख ९८ हजार रुपैयाँ बराबरको २० लाख ५५ हजार ५९३ किलोलिटर इन्धन आयात भएको थियो । इन्धन आयात परिमाणमा आधाभन्दा बढीले घटेको छ । निगमका प्रवक्ता विनीतमणि उपाध्यायले इन्धनको खपत कम हुँदा आयातमा कमी आएको जानकारी दिए ।

विकास निर्माणको काम नहुँदा इन्धन खपतमा कमी आएको उनले बताए । भारतमा भन्दा नेपालमा इन्धनको मूल्य महँगो भएका कारण पनि खपतमा कमी आएको उनको भनाइ छ ।

## धानको...

सीमावर्ती क्षेत्रबाट बढी मूल्यमा धान बिक्री गर्न ल्याउने गर्छन् । यस्तो भेलाले मिलेमतोमा सक्दो न्यून मूल्य तोक्दा स्थानीय किसान थप मारमा पर्दै आएको ती व्यापारीले प्रस्ट्याए । प्रदेश १ मा गत वर्षको दाँजोमा यस वर्ष धान उत्पादनमा वृद्धि भए पनि सिजनमै भारतबाट धान आयात रोकिएको छैन । विराटनगर भन्सारको तथ्यांकअनुसार जोगवनी नाकाबाट मंसिरमा १६ करोड ९३ लाख १५ हजार मूल्यको ४ हजार ८ सय ५१ टन र कात्तिकमा ९५ लाख ९२ हजार मूल्यको ३ सय २३ टन धान आयात भएको छ । प्रदेश १ मा गत वर्षको भन्दा यस वर्ष १६ हजार २ सय ८२ टन धान बढी फलेको प्रदेश १ कृषि निर्देशनालयको तथ्यांक छ । यस वर्ष प्रदेशको ३ लाख ३१ हजार ८८ हेक्टरमा धान रोपाइँ हुँदा १२ लाख ९८ हजार ८ सय ५५ टन धान उत्पादन भएको छ । गत वर्ष ३ लाख ३६ हजार १ सय २३ हेक्टरमा धान खेती हुँदा १२ लाख ८२ हजार ५ सय ७३ टन धान उत्पादन भएको थियो ।

# झापा कारागारका कैदीबन्दीसंग अन्तरक्रिया

भद्रपुर(प्रस) । बन्दी विकास पुस्तकालय झापाका सचिव रमेश पोखरेलले फिराद पत्र , बहस पैरवी , जाहेरीलगायतका आधारमा अदालतले गर्ने फैसला निष्पक्ष नहुँदा देशका कारागारहरुमा कैदीबन्दीको संख्यामा अत्यधिक बृद्धि हुँदै गएको बताएका छन् ।

नेपाल बार एशोसिएसन झापाद्वारा जिल्ला कारागारको सभाहलमा सोमवार आयोजित थुनुवाहरुसंगको एकदिने अन्तरक्रियात्मक कार्यक्रममा बोल्दै सचिव पोखरेलले पीडितको वयानलाई मुख्य प्रमाणको रुपमा अदालतले मान्यता नदिएसम्म निर्दोष मानिसले कैदी जीवन बिताउन बाध्य हुनु परेको बताए ।

पोखरेलले एउटै मुद्धामा फरक फरक फैसला हुने हुँदा र अदालतले निष्पक्ष फैसला नगर्दा जनमानसमा अदालतप्रतिको बिश्वास गुम्दै गएको बताए ।

कुनै पनि राजनीति आग्रह , पूर्वाग्रहमा प्रतिशोधका आधारमा फैसला गर्दा निर्दोष मानिसले कैदी जीवन विताउन वाध्य हुनु परेको उनको भनाई छ ।

अदालतले ठूला बडाको मुद्धाहरु तुरुन्त फैसला गर्ने गरेपनि सर्वसाधारणको मुद्धामा भने बर्षौ झुलाउने गरेको पोखरेलको भनाई छ । कार्यक्रममा कैदीबन्दीहरु निलबहादुर दर्जी, नवराज श्रेष्ठ, असरकान्त झा, अनु श्रेष्ठलगायतले अदालतले आफूहरुलाई समयमा मुद्धाको पेशी नदिएर कारागारमा थुनिराखेको गुनासो गरेका थिए ।

कानुनी जटिलताका बिषयमा बन्दीहरुले उठाएका जिज्ञासाको जवाफ एशोसिएसन सचिव हेमकला कट्टेल, प्रशिक्षक खगेन्द्र खरेल, सहजकर्ता चुडामणी पराजुली, नारायणप्रसाद पौडेललगायतले दिएका थिए।

सो अवसरमा मुलुकी ऐनको आचारसंहिता समेटिएको नेपाल ऐन संग्रह नामक पुस्तक पुस्तकालय प्रमुख लयप्रसाद सिवाकोटी र महिला कारागार प्रमुखलाई हस्तान्तरण गरिएको थियो ।

बार एशोसिएसनकी सचिव कट्टेलको अध्यक्षता तथा सह-सचिव देवीमाया निरौला अधिकारीको संचालनमा सम्पन्न कार्यक्रममा कारगारका कैदीबन्दीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको औचित्यमाथि प्रशिक्षक खगेन्द्र खरेलले प्रकाश पारेका थिए ।

# उरुग्वेका पूर्व मिडफिल्डर नेइलको निधन



एजेन्सी । उरुग्वेका पूर्व मिडफिल्डर फाविअन ओ नेइलको ४९ वर्षको उमेरमा निधन भएको छ । नेइलले कागइअरी र नासिओनलबाट लिग खेलेका थिए । उनको आइतबार निधन भएको उरुग्वे सकर फेडेरेसनले जनाएको हो । नेइललाई आइतबार कोमामा राखिएको थियो । नेइलको कलेजोमा अत्यधिक रक्तचाप देखिएको थियो ।

नेइलले उरुग्वेको राष्ट्रिय टोलीबाट १९ खेल खेलेका थिए । सन् २००२ को विश्वकप टोलीमा उनको नाम थियो । जापान र दक्षिण कोरियाले संयुक्त रुपमा आयोजना गरेको विश्वकपमा नेइलले खेल्न भने पाएनन् ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


## प्रधानमन्त्री...

२०७२ सालमा एमाले अध्यक्ष हुँदा बनेको मन्त्रिपरिषद्मा पौडेल अर्थमन्त्री थिए । त्यसैगरी २०७७ सालमा पनि ओलीकै नेतृत्वमा बनेको सरकारमा पौडेल अर्थमन्त्री बनेका थिए ।

२०३५ सालमा अखिल नेपाल कम्युनिस्ट कोअर्डिनेसन कमिटीबाट राजनीति सुरु गरेका पौडेल ११ वर्ष भूमिगत बसेका थिए । २०४१ सालमा रुपन्देही जिल्ला कमिटीको सचिव बनेका पौडेलले २०४७ सालमा एमालेको केन्द्रीय सदस्य रहँदै आएका छन् ।

त्यसैगरी २०५९ सालमा एमालेको स्थायी कमिटीका सदस्य बनेका पौडेल २०६५ सालमा भएको एमालेको आठौं महाधिवेशनमा सचिवमा निर्वाचित भएका थिए । नवौं महाधिवेशनमा उपमहासचिवमा निर्वाचित भएका पौडेल नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकीकरणपछि गठन भएको नेकपाको महासचिव भएका थिए ।

गत वर्ष चितवनमा भएको एमालेको दशौं महाधिवेशनमा उपाध्यक्षमा चयन भएका पौडेल पाँचौं पटक सांसद बनेका हुन् । सुरुमा पाल्पाबाट निर्वाचित भएका पौडेल त्यसपछि रुपन्देहीबाट निर्वाचित हुँदै आएका छन् । २०३७ सालमा ३ वर्ष जेल र ३ हजार रुपैयाँ जरिवानाको सजाय पाएका पौडेलले ४५ दिनमा जेल विद्रोह गरेका थिए । २०१६ मंसिर १५ मा स्याङ्जामा जन्मिएका लामो समयदेखि रुपन्देहीको बुटबलमा बस्दै आएका छन् । पदभार ग्रहण गर्दै उनले संकटको डिलमा रहेको अर्थतन्त्रलाई सही दिशामा डोहोऱ्याउने प्रतिबद्धता जनाए ।

अर्थमन्त्रालय र सम्बद्ध सार्वजनिक निकायका कामकारबाहीलाई अनलाइन प्रणालीमा लैजाने पहिलो निर्णयमा उनले हस्ताक्षर गरेका छन् । अहिले अर्थतन्त्रमा चुनौतीहरु धेरै रहेको उल्लेख गर्दै उनले आफूले अर्थजगतका सबै पक्षसँग सहकार्य गरेर समस्या समाधान गर्नेतिर लाग्ने प्रतिबद्धता जनाए ।

उनले भने 'बिग्रदो अर्थतन्त्रका सम्बन्धमा विज्ञहरुसँग परामर्श गरेर समाधान गर्ने दिशातिर लाग्नेछु, समस्या काबुबाहिर छैनन्, म सबैलाई विश्वस्त हुन आग्रह गर्छु कि अर्थतन्त्र सुधारमा नै मेरो प्रमुख ध्यान रहनेछ ।' चालु खर्चको सीमालाई कम गर्ने दिशातिर उन्मुख हुँदै स्रोत व्यवस्थापनतिर लाग्नुपर्ने आवश्यकता रहेको उनले औंल्याए । पहिले समस्याको लिस्ट तयार गरेर समाधानका लागि विज्ञहरूबाट राय लिने उनले बताए ।

यसैबीच नवनियुक्त उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आफ्नो नागरिकताको विषयमा भइरहेको छानबिन स्वतन्त्र ढंगले हुने बताएका छन् । पदभार ग्रहण गरिसकेपछि बोल्दै उनले कानुनमा सबै बराबर भएको बताएका छन् । 'म वा त्यो भन्ने होइन । गृह प्रशासनले सबैलाई समान रुपमा हेर्छ । भइरहेको अनुसन्धानको छानबिनलाई स्वतन्त्र रुपमा छानबिन गर्छ' लामिछानेले भने ।

नवनियुक्त उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले बलात्कारपछि हत्या गरिएको निर्मला पन्तलाई न्याय दिन पहल गर्नेसमेत बताएका छन् । पदभार ग्रहणमा उनले पन्तलाई न्याय दिने पहलसम्बन्धी विषयमा पहिलो फाइल तयार गर्न गृहसचिव विनोद सिंहलाई निर्देशन दिए ।


**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

**७ दिने सूचना**

सधियार पूर्व : श्री मोहन उप्रेती पश्चिमः बाटो उत्तरः बाटो दक्षिण : श्री प्रेम सागर भट्टराईको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री प्रेमराज ताम्लिङ्ग ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा -६ | - | १०२९२, १०२८८ | ०-०-८.५० | - | २०७९/०८/२० | २०७९/०९/१२ |

**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

**७ दिने सूचना**

सधियार पूर्व : श्री मन्जु लिम्बु पश्चिमः श्री रिना मेचे उत्तरः श्री कृष्ण प्रसाद प्रसाई दक्षिण : बाटोको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री शंकर खड्का ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा -११ | - | ५८८४, ५८८६ | ०-०-११ | - | २०७९/०९/१० | २०७९/०९/१२ |

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हल्दीबारी गाउँपालिका**
हल्दीबारी, झापा, प्रदेश नं.१, नेपाल

**नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः-२०७९।०९।१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) र हल्दीबारी गाउँपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार हल्दीबारी गाउँपालिकाको IEE प्रतिवेदनमा उल्लेखित देउनिया खोलाको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी हल्दीबारी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि नेपाल सरकारको E-Procurement Portal (www.bolpatra.gov.np/egp) मार्फत वा गाउँ कार्यपालिकाको कार्यलयमा शिलबन्दी बोलपत्र पेश गर्ने गरि यो बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (क्यु फिट ) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | HRM/GOODS/RIVERS/SQ/05 - 079/080 | देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | १,७५,८४७ क्यू. फिट | ८७९७३९.३ | कबोल अंकको ५(पाँच) प्रतिशत | २०७९/०९/२७ दिनको १२:०० बजे | १०००।०० |

नोटः- बिस्तृत जानकारी website :www.haldibarimun.gov.np तथा (www.bolpatra.gov.np मा समेत हेर्न सकिने छ ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### आशंका स्थायित्वको

नेपाली कांग्रेस नेतृत्वको गठबन्धन फुटाएर त्यसभन्दा ठूलो अर्को गठबन्धनको सरकार निर्माण गरिएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीमा नियुक्त भएपछि सरकार गठनमा नयाँ तरंग आएको छ । नेपाली कांग्रेसको मुखैमा परेको सरकार गठनको भाग खोसिएको छ भने प्रतिपक्षमा रहन मन्जुर रहेको एमालेसहितका राजनीतिक दल सत्ता गठबन्धनमा परिणत हुन पुगेका छन् । यसलाई कसैले नेपाली कांग्रेसको 'अहंकार'भनेका छन् त कसैले दाहालको 'अस्थिरता'को खेल !

भर्खरै सम्पन्न आवधिक निर्वाचनमा नेपाली कांग्रेस र माओवादीसहितको सत्ता गठबन्धन एकातिर र एमालेसहितको तालमेलको गठबन्धन अर्कोतिर निर्वाचनमा होमिएका थिए । अन्तिमसम्म सत्ता गठबन्धनबाट नै सरकार गठनको प्रयास जारी रहेपनि त्यो परिणाममुखी देखिएन । त्यसपछि एमाले र माओवादी केन्द्रको पहलमा नयाँ गठबन्धन निर्माण हुन गई बहुमतसहितको प्रधानमन्त्री नियुक्तिको प्रक्रिया टुंगिन गयो । यसमा सहभागी सबै दलहरू र त्यसमा पनि मुख्य गरी एमाले र माओवादीबीच मुख्य जिम्मेवारी बाँडफाँटमा आलोपालो हुनेगरी सहमति गरिएको छ । यो सहमतिअनुसार आधाआधा कार्यकाल माओवादी केन्द्र र एमाले रहने गरी टुंग्याइएको छ । राष्ट्रपतिमा एमालेको रहने तथा प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने कुरा सार्वजनिक भएको छ । यो अवस्था भनेको गम्भीर अवस्था पनि हो । यही आधार एमाले र माओवादीबीच पनि बनेको र भत्किएको थियो । अहिले नयाँ आधारमा नयाँ सहमति गर्दाका बखत विगतका कमी कमजोरीको समीक्षा र मूल्यांकन हुनु जरुरी छ । किनकि एमाले र माओवादी केन्द्र नै अहिले पनि सरकार निर्माण र सञ्चालनको धुरी बनेर आएका छन् ।

अहिले संघीय मात्र होइन, प्रदेश सरकार पनि निकै हेराफेरि र नयाँ गठबन्धन मुताबिक जाने अवस्था निर्माण भएको छ । संघ तथा प्रदेशमा निर्माण हुने सरकार र ती सरकारको सञ्चालन तथा स्थायित्वका लागि एमाले र माओवादी केन्द्र जिम्मेवार हुनेछन् । अर्कोतिर विगतको खैलाबैला शीर्ष नेताबीच माझिएको पनि छैन । योबिना समीक्षा र आत्मसातीकरण त्यसै माझिने पनि देखिँदैन । त्यसैले शीर्ष नेताबीच भद्र सहमति कार्यान्वयनका लागि पनि विगतको समीक्षा जरुरी छ

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पुनर्निर्माण कि पुनः प्रतिशोध



• रामकुमार एलन

नेपाली राजनीतिले लघुताभाषको फन्को मारिरहेको छ । ' यस पटक म भइनँ भने कतै सकिन्छु कि , अब फेरि पालो आउँदैन कि , अर्कैले शिखर चढेर म भुइँमा पो बजारिन्छु कि भन्ने भयले सबै राजनीतिक दलका शीर्ष नेताको मनमा डरलाग्दो डेरा गरेको आभाष नेपाली जनताले गरेका छन् । राष्ट्रपतिले दिएको समयसीमा सकिनै लाग्दासमेत गठबन्धन टिक्छ र टिक्दैन भन्ने वक्तृत्वकलाले जनताका कान पाकिरहे । सहमतिको दाइँ भत्किन्छ कि भनेर नागरिकले शङ्का गरिरहे , गठबन्धन भत्कियोस् भन्ने कामना गर्नेको पनि पीडा सानो थिएन । आगामी पाँच वर्ष गठबन्धन गर्ने भनेर गरिएको सहमतिमै आमनिर्वाचनमा दल होमिएका हुन् । नेपाली कांग्रेसलाई सम्भावित प्रतिगमन टार्ने कामको नेतृत्व गरिदिनुहोस् भन्दै वाम दल नेकपा माओवादी केन्द्र , एमाले विभाजनपछिको नेकपा (एकीकृत समाजवादी) र अन्य दल निवेदन नै हाल्न गएको भन्दा अन्यथा मानिरहनु पर्दैन । सरकार नेतृत्वको तालाचाबी कांग्रेसलाई दिएर भागबण्डाको राजनीतिमा स्थानीय तह , प्रदेश र संघको निर्वाचनमा मागेजति उम्मेदवार सिटमा पनि सहमति भएकै हो। स्वयं कांग्रेसले आफूले चाहेको भूगोलमा सोचजस्तो विजयी हासिल गर्न असमर्थ रहँदा वाम जनमत स्खलनले वामपार्टीलाई चिन्तनशील बनाउन सकेन। बरु सरकारको नेतृत्वलाई मूल मुद्दा बनाएर विगतमा ' घनघोर प्रतिगामी ' मानिएको शक्तिलाई सत्ताको तालाचाबी सुम्पने हतारोमा वाम दलहरूको अभ्यासले अर्को निर्वाचनमा वामपार्टीहरूको हालत के होला भनेर सोच्ने जिम्मा कार्यकर्ताको मात्र बनेको देखिन्छ ।

मुद्दा थियो समाजवादको। अभ्यास थियो संघीयता कार्यान्वयनको । नागरिकको चाहना थियो नेतृत्वमा नयाँ पुस्ता र स्थिर सरकार। रूपान्तरण , पुस्तान्तरणको अभ्यासमा निर्वाचनमा दलले विवेक नपुऱ्याउँदा नयाँ शक्तिबिना नीति , सिद्धान्त , सङ्गठन र कार्यकर्ता एकाएक उदाए । उनीहरू ठूला भनिएका दलहरूलाई आवश्यक पर्दा शक्ति सन्तुलनमा 'तलमाथि' पार्ने गरी उदाएका बेला सरकार निर्माणको उल्झनमा दलहरू हप्तादिन अनिर्णित बन्नु अरू वितृष्णाको फसल फस्टाउनु हो। वाम जनमत घटिरहेको तथ्यलाई पुष्टि गर्दै जानु हो। सरकार अर्थात् शक्ति र सत्ताको लोभ मात्रै गर्ने र कहाँ चुकियो भनेर समीक्षा गर्नसमेत तयार नहुने नेतृत्वले नयाँ पुस्तालाई उदाउन त रोकेकै छन्, जनतामा बढेको वितृष्णाको ग्राफ घटाउने कुनै एजेन्डा नबनाउँदा नेपाली राजनीतिमा कुनै पनि समूह कुनै पनि बेला उदाउन सक्ने र मूलपार्टीहरूको जनमत स्वाट्टै घट्ने डरलाग्दो सम्भावनालाई पनि जीवित राखिएकै हो।

प्रतिशोधमा राजनीति हुर्किइरहेको छ। विगतमा नेकपा एमालेलाई खराब देख्ने वामनजर त्यतिखेर प्रतिशोधमा उत्रियो। प्रतिशोध साध्न कांग्रेससँग सहकार्य गरियो। यसमा कुनै त्रुटि नदेख्ने शक्ति अहिले पश्चात्तापमा उत्रिएको देखिन्छ। संघ र प्रदेश निर्वाचनमा कांग्रेसको भोट वामपन्थी शक्तिमा 'ट्रान्सफर' भएन। यो अर्को प्रतिशोधको विषय बनाइएको छ। यद्यपि यो लघुताभास मात्र हो। यसको समीक्षा, छलफल, निरूपण या निष्कर्षको कुनै पनि अध्याय गठबन्धनमा आरम्भ नै भएको छैन। हतारमा अर्को विषय उठाएर विगतमा प्रतिगामी मानिएको शक्तिले देखाएको ' ललिपप' मा वाम शक्ति किन लतारिए ? मूल विषयवस्तु मत 'ट्रान्सफर' होइन। हो त ७० प्रतिशतको हाराहारीमा रहेका वामपन्थी मत यो निर्वाचनमा किन ४४ प्रतिशतमा झरे ? सपाट उत्तर छ देखाउन कांग्रेसले मागेजति सिट दिइयो, वाम उम्मेदवार कम भए। तर त्यति मात्रै होला र ? किन सहरबाट वामपन्थी शक्ति भनिएको माओवादी गाउँतिर सर्दैछ, सहरमा संकटमा पर्दैछ ? यसका उत्तर खोज्दा कहीँ कतै सरकारमा वामपन्थी पार्टी नभएर हो भन्ने निर्क्योलमा पुगियो भने यो झन् अर्को त्रुटि हुन पुग्नेछ।

वैशाखमा भएको स्थानीय तह निर्वाचनमा वामशक्तिले आफूले चाहेअनुसार जितेकै थिए। नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) का उम्मेदवारले स्थानीय तहमा जितेको संख्या कम थिएन। कांग्रेसले पनि आफ्नै कारण धेरै भूगोलमा पराजयको स्वाद चाखेको थियो। त्यसको असर संघ र प्रदेश निर्वाचनमा कांग्रेसले अरू नराम्रोसँग भोगेको छ कि कांग्रेसभित्र पनि प्रतिशोधको आगो भित्रभित्रै दन्किएकै देखिन्छ। यस्तो अवस्थामा वाम जनमत जनताका मुद्दामा केन्द्रित हुन जरुरी थियो। सङ्गठन विस्तारसँगै प्राप्त उपलब्धिमा गठबन्धनको दीपावली नै जरुरी थियो। नेकपा माओवादी केन्द्र र कांग्रेसभित्रको सत्ता लुछाचुँडीको पिङ मच्चिँदा आमजनतामा निरासाको घेरा बलियो भएको थियो। बाहिरी शक्तिहरू यी दुई शक्तिलाई घर्षण गराएर भद्दा मनोरञ्जन गरिरहेको दुवै पार्टीका पहिलो र दोस्रो पुस्ताले बुझ्न जरुरी थियो। बुझेनन्। गठबन्धन नै भए पनि कुनै पनि बेला भत्किने पो हो कि भन्ने भय हत्पत्ति हट्ने अवस्था छैन।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुख, प्रदेश प्रमुख, मुख्यमन्त्रीसहितका ३५ पद यतिखेर आकर्षणको गिफ्ट ह्याम्पर हुन्। गठबन्धन यसैको बाँडचुँडसहित नेपाली जनतालाई विकास र समाजवादको अभ्यास गराउँदै अघि बढ्न गठबन्धन भएको हो भन्ने पाटो निर्वाचन परिणाम नआउँदै भुलिनु राजनीतिमा 'नैतिकता' सधैँ नभेटिने तत्व हो भन्ने पुष्टि गर्छ। सातवटा प्रदेश सरकार बनाउनुअघि नै पहिलो र तेस्रो शक्तिबीच तयार पारिएको दरारको फाइदा दोस्रो या चौथो र अदृश्य बाहिरी शक्तिले उठाउन सक्छन् भन्ने सामान्य ज्ञान पनि नभएको त दलहरूमा पक्कै होइनन्। भइदियो यस्तै, देखिइयो यस्तै। जुन कल्पनाको विषय थिएन। अघिल्लो निर्वाचनमा विजयी भएको वामशक्ति पनि यसरी क्षयीकरण भएको थियो। त्यसबाट पनि पाठ सिकेर पो त्रुटि सच्याउँदै अघि बढ्नु पर्थ्यो। तर यहाँ त फेरि पुरानै शक्तिको सेरोफेरोमा रहेर राजनीतिक छिनाझप्टीको कारोबार भयो। यसले राजनीति सग्लो देखिएन। राजनीतिक दल इमानको पहरेदार हुन सक्दैनन् भन्ने जनमनमा बसेको धारणा मेट्न सकिएन। एउटै शक्तिसँग जुध्नु या मिल्नुको मुद्दा के हो ? मुद्दा हो जनताको हितमा काम गर्ने। काम गर्ने वातावरण बनाउने। सत्तामा नरहे पनि जनतासँग भिजेर राजनीतिक शक्ति सञ्चय गर्दै आगामी सत्ताको आधार तयार पार्ने। यतिखेर गठबन्धनका दलले जनतामा नयाँ छाप छोड्न नसक्दा राजनीतिक आधार निर्माण हुनै सकेन। प्रतिशोध पश्चात्तापमा परिणत भएकै हो भने के अब पुनर्निर्माणको कार्यभारमा दलहरू सक्रिय होलान् ? त्यो पनि देखिन्न। जनताको निरासाको ग्राफ घट्ला ? तत्काल कुनै कार्यक्रम देखिएको छैन। यस्तो अवस्थामा दलहरूले देखाएको अभ्यासले परिपक्व हुनुपर्ने दलीय व्यवस्था, दलहरूको नेतृत्व सत्ता स्वार्थका लागि कुनै पनि बेला मित्रशक्तिसँग पनि प्रतिशोधको व्यापारमा झर्छन् र पुनर्निर्माणका नाममा पुनः प्रतिशोधमै रमाउँछन् भन्ने सन्देश प्रवाह भएको विषय कहिले समीक्षा हुन्छ ?

तत्काल वामशक्ति एक हुने अवस्था पनि छैन। यद्यपि नयाँ तरिकाले राजनीतिक दलहरूले छलफल गरेकोले वाम एक हुन सक्ने सम्भावना पनि छदैछ। यसो भएमा राजनीति फरक तरिकाले अघि बढ्न सक्छ। तर सरकार निर्माणका लागि नीति र सिद्धान्त नमिल्ने थुप्रै ससाना राजनीतिक पसल पुग्नुपर्ने बाध्यता छन्। एउटा बलियो कम्युनिस्ट केन्द्र बनाउने विषय फगत नेताहरूको व्यवस्थापनमा सीमित भइरहेको छ। भूगोलमा कम्युनिस्ट शक्ति क्षयीकरण अविराम बढ्दो छ। जनतामा बढेको वितृष्णा कांग्रेस सरकार हेरेर कतै कम्युनिस्टबाट प्रगतिशील थप सुधारोन्मुख हुन्छ कि भन्ने अपेक्षा पनि यतिखेर जनमस्तिष्कको सघन कक्षमै बेहोस बनिसकेको छ। यस्तो अवस्थामा गठबन्धनका नाममा जुन भद्दा अभ्यास यो साता नेपाली राजनीतिमा देखियो। यसले गठबन्धन हुँदा पनि कुनै पनि बेला संकट आउन सक्ने संशय देखिएकाले इमानदार भएर राजनीतिमा उत्रिन सबै दललाई जनताले खबरदारी गरेका छन्। यो खबरदारी जनताको हो, जनमतको हो। यसमा तलमाथि हुँदा नयाँ र अकल्पनीय अनि अदृश्य शक्तिहरूले खेल्ने र मुलुक फेरि निर्वाचनकै सँघारमा पुग्ने दृश्यमा के दलहरू घुलमिल भएकै हुन् र प्रतिशोधको खेती मात्र फस्टाइरहेको छ ?

# सत्ता समीकरणको नयाँ गणित



• डा. राजन भट्टराई

वास्तवमा सत्ता गठबन्धन प्राकृतिक नै थिएन। अप्राकृतिक भएकाले त्यसको पटाक्षेप जसरी हुनुपर्थ्यो त्यसरी नै भएको छ। जहाँसम्म अहिलेको स्थिति भनेको नेपाली कांग्रेस गठबन्धनसहितको दुईतिहाइ भनेर गए तर आउने बेलामा सामान्य बहुमत पनि पुऱ्याउन नसकेको एउटा अवस्था उत्पन्न भएको थियो। गठबन्धन निर्वाचनमा जुन बाटोबाट आएको थियो, त्यो जनताले अस्वीकार गरेको अवस्था थियो। यस्तो अवस्था हुँदाहुँदै पनि गठबन्धनले त्यसलाई कायम राख्ने र जबर्जस्त रूपमा सरकार बनाउने उहाँहरूको बाटो रह्यो।

खासमा गठबन्धन कुनै विचारका आधारमा थिएन। नीतिका आधारमा पनि थिएन। कुनै कार्यक्रमका आधारमा पनि थिएन। विशुद्ध त्यो प्रधानमन्त्री बनेका एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई हटाउने र एमालेलाई 'साइज'मा राख्ने उद्देश्यले गठबन्धन बनेको थियो। हिजो कार्यक्रम, नीति र विचारबिनाको गठबन्धन बन्यो र सत्तास्वार्थमा रमायो। त्यसमै गठबन्धन सीमित रह्यो पनि। खासमा अहिले भएको पनि सत्ताकै टकराब हो। यो परिस्थितिले गठबन्धन पटाक्षेप भयो, जो हुनु नै थियो।

अब हामीले सुरुदेखि के भनेका थियौं भने गठबन्धन कायम रहेसम्म एमालेको सरकारमा दाबी हुने छैन। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि एमाले अध्यक्ष ओली प्रत्यक्ष टेलिफोन सम्पर्कमा हुनुहुन्थ्यो। दोस्रो तहका नेताहरू पनि सम्पर्कमा थिए। हामीहरू आफैं पनि कतिपय कुराकानीमा थियौं। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट पनि कुराकानी अप्रत्यक्ष रूपमा भइरहेकै थियो। तर हामीले दुवै पक्षलाई के भनिरहेका थियौं भने तपाईंहरूको गठबन्धन कायम रहेसम्म हाम्रो सरकारमा दाबी रहँदैन र त्यस हिसाबले हामी जाँदैनौं पनि।

गठबन्धन जोगाउने अन्तिम प्रयास उहाँहरूबाट भएकै हो। तर स्वार्थ नमिलेपछि गठबन्धन टुट्यो। गठबन्धन टुट्यो भनेपछि हाम्रो 'एजेन्डा' 'ओपन' हुन्छ है भनेर हिजो नै भनेका थियौं। किनभने गठबन्धन टुटेपछि त स्थिति सामान्य हुँदैन, सबैलाई थाहा भएकै विषय हो। यो निर्वाचनको 'म्यान्डेड' पछि अर्थात् नयाँ निर्वाचनपछि आएका शक्तिहरूका बीचमा हिजोकै गठबन्धन कायम राख्न खोज्ने प्रयास गरिएको थियो, त्यो रहुञ्जेल एमाले बाहिरै बसेकै हो। किनकि त्यो गठबन्धनको नीतिगत विरोध गरेका थियौं। संवैधानिक र कानुनी हिसाबले पनि त्यो बेठिक हो भनेका थियौं।



जब गठबन्धन टुट्यो, अब हामी त्यहाँ रहन नसक्ने भयौं भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आइसकेपछि गठबन्धनमा नरहेका बाँकी दल एक ठाउँमा आउने स्थिति बनेको हो।

प्रतिपक्षमा रहेर बस्न तयार भएका दलहरू एउटा ठाउँमा थियौं। जोसँग हामी हिजो निर्वाचनमा पनि सँगै गएका थियौं। जस्तो, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी। आंशिक सहमति र सहकार्य गरेकै हौं। यी दुईवटा पार्टी निर्वाचनदेखिको सहकार्य गरेका भए। राष्ट्रिय स्वतन्त्र पार्टी पनि हाम्रो पार्टीसँग संवादमा थियो। ऊ पनि सहकार्य गरेर जाने मतमा थियो। अब गठबन्धनको निर्णायक भनेर हिँडिरहेको पार्टी चाहिँ अहिले गठबन्धन छोडेर आएँ भनेपछि स्वाभाविक रूपमा हिजोको अवस्था पनि रहँदैन भनेपछि एमाले सहकार्य गर्न तयार छ भनेको हो। त्यही कोर्समा वर्तमान राजनीति अघि बढेको हो।अहिले एउटा सहमति भएको छ, प्रधानमन्त्रीमा प्रचण्ड, राष्ट्रपति र सभामुखमा एमाले। साढे दुई वर्षपछि प्रधानमन्त्री फेरिने र एमालेले पाउने। राष्ट्रपति भने एमालेकै रहने भन्ने सहमति भएको हो। यही सहमतिको कोर्समा मुलुकको राजनीति अगाडि बढ्छ। मन्त्रिपरिषद् सबैको हैसियतअनुसारको बाँडफाँटमा बन्छ। अब मुलुकलाई अगाडि लैजाने काम हुन्छ। गठबन्धनको यो संस्कृति अगाडि जुन बनाइयो र मुलुकलाई गम्भीर अवस्थामा पुऱ्याइयो। गठबन्धनका कारण अत्यन्त असक्षम र अयोग्य नेतृत्व जुन हिसाबले रहिरह्यो, त्यसको निरन्तरता जनताले खोजेका थिएनन्। जनता यो निर्वाचनपछि त्योभन्दा पृथक् ढंगले सरकार बनोस्, कामयावी र प्रभावकारी बनोस् भनेर चाहिरहेका थिए। निर्णायक हिसाबले अगाडि जान सक्ने हिसाबले सरकार बनोस् भन्ने चाहना पूरा भएको हो।

जनताले खासगरी यस्तो सरकार जसले विकास, सिस्टम र सुशासनको मामिलामा प्रभावकारी भूमिका खेलोस् भनेर चाहेका थिए। अझ राजनीतिक स्थिरता पनि जनताले चाहेका हुन्। अब गठन हुने सरकारले यी सबै कामलाई कुनै हरहालतमा सम्बोधन गर्न सक्नु पर्छ। अहिले जुन फ्रेस म्यान्डेडका साथ आएको पंक्तिसमेत यसमा सामेल भएर सरकारमा जाने कुरा भएको छ, त्यसले पनि गति र लय समात्नु पर्छ। यसैले संविधानको रक्षा हुन्छ, राजनीतिक स्थिरता हुन्छ। र, जनताले परिवर्तनको अनुभूति गर्ने स्थिति बन्छ भन्ने हो।

खासमा निर्वाचनले कसैलाई पनि 'एब्सोलुट मेजोरिटी' दिएन। गठबन्धनबाट 'लार्जेस्ट' पार्टी भएको हो कांग्रेस। गठबन्धनमा भएको माओवादीको 'दम्भ' हटाइदिने हो भने कांग्रेसको सिट पुग्दैन। कांग्रेसले त गठबन्धनसहितको मतमा म्यान्डेड पाएको हो। त्यसैले सरकार बनाउने अवस्थामा आइतबार देखिएको राजनीतिक 'सिनारियो' म्यान्डेटविपरीत होइन, त्यसरी बुझ्नु र जानु पनि हुँदैन।

प्रचण्ड नेतृत्वको अबको सरकारलाई जिम्मेवारीपूर्वक अघि बढ्नुपर्ने दायित्व छ। नागरिकलाई दिनुपर्ने सेवाप्रवाह एकदमै कमजोर भएको छ राज्यका तर्फबाट। यसलाई प्रभावकारी बनाउनु नयाँ सरकारको चुनौती हो। नयाँ गठबन्धन सुनिश्चितताका साथ अघि बढ्छ। यसमा कुनै समस्या म देख्दिनँ। समस्या के चाहिँ बढी देख्छु भने सरकार गठन भइसकेपछि प्रभावकारी काममा अगाडि बढाएर जाने नै हो। जसमा अघि भनेका कुरा ठप्प भएको विकासको गतिलाई तीव्र बनाउने पहिलो प्राथमिकतामा पर्नु पर्छ। दोस्रो, सुशासन। अहिले जनता सुशासन नभएर हार भएका छन्। सुशासनको अनुभूति हुने गरी काम अघि बढाउनु पर्छ। सुशासनको प्रत्याभूति नै देशमा 'सिस्टम' बसाएर दिने हो। जनतासँग जोडिएका निकायहरू जहाँ भ्रष्टाचार र अनियमितता छ, त्यसलाई चुस्त, दुरुस्त बनाउनु पर्छ। अन्तर्राष्ट्रिय राजनीतिमा अहिले जुन खालको असन्तुलित नेपाल हुन खोजेको हो कि ? भन्ने भ्रम चिर्नु पर्छ। परम्परागत रूपमा रहिआएको स्वतन्त्र परराष्ट्र नीति तलमाथि हुने हो कि ? भन्ने जुन आशंका, डर र त्रास थियो, त्यसलाई ठीक ठाउँमा ल्याउनु पर्छ।

नयाँ सरकारलाई अवसर पनि छन्। यसलाई प्राप्त भएको अवसर भनेकै यो संविधान आएपछि र बहुदलीय व्यवस्थाकै माध्यमबाट मुलुकको विकास र अग्रगतिको बाटोमा लैजान्छौं भन्ने विश्वास दिलाएर जनताको चाहनाअनुरूप अघि बढाउन पाउनु हो। त्यसैले अब विगतका सबै कमीकमजोरीबाट पाठ सिक्नै पर्छ र सुध्रिएर अगाडि जानै पर्छ। सबै दलले यसबीच शिक्षा लिएका छन्, लिएका छौं। विगतका सबै कुराबाट शिक्षा लिँदै मुलुकलाई अग्रगामी बाटोबाट जानु पर्छ। फेरि तिनै गल्ती र कमजोरी दोहोऱ्याइयो भने जनताले माफ गर्दैनन् भन्ने त अब बुझ्नै पर्छ, चेत्नै पर्छ।

सरकारको नेतृत्व माओवादी केन्द्र र एमालेले अढाई अढाई वर्ष गर्ने सहमति भएको छ। प्रचण्डको साढे दुईवर्षे नेतृत्वपछि एमालेले सरकारको नेतृत्व गर्नेछ। अन्त्यमा भन्नुपर्दा, नयाँ परिस्थितिमा निर्वाचन भएको छ। यद्यपि कुनै एउटा दलको बहुमत प्राप्त भएर बहुमतको आधारमा सरकार सञ्चालन गर्दा जति सहज हुन्थ्यो, सही बाटोमा मुलुकलाई लिएर अघि जाने अवस्था हुन्थ्यो, त्यो त नहोला। तर, यसका बाबजुद पनि मुलुकमा नयाँ प्रधानमन्त्री आउनु भएको छ । लामो समयदेखि मुलुकले भोगेका पीडा देखेबुझेको व्यक्तित्व हुनुहुन्छ, उहाँलाई अहिलेका समस्या र चुनौतीहरू के के हुन् ? सबै थाहा छ। त्यसलाई बुझेर नेतृत्व अघि बढाउनु हुनेछ। एमालेका अध्यक्ष ओलीले पनि पटकपटक भन्नुभएको छ कि एजेन्डामा आधारित भएर समर्थन र विरोध गर्ने हो। कसलाई कुन भाग दिने भन्ने आधारमा, पद बाँडफाँट गरेका आधारमा जाने होइन भन्नु भएको छ। त्यसैमा एमाले प्रतिबद्ध छ। प्रधानमन्त्रीको शपथपछि मन्त्रिमण्डल बन्छ। त्यसमा सबै पार्टीले आआफ्नो तर्फबाट नेतृत्वमा जाने काम हुन्छ।

# मया प्रेम दोहोरो गर्नुपर्छ



• अभिषेक खतिवडा

तपाईं आजसम्म कसैको प्रेममा पर्नुभएको छ ? कसैलाई प्रेम गर्नु भएको छ ? कसैले तपाईंलाई औधी माया गर्नु हुन्छ ?

तपाईं कसैलाई औधी मन पराउनुहुन्छ ? यदि त्यसो हो भने, तपाईंले अनुभूत गरेकै हुनुपर्छ कि प्रेममा परेपछि मनमा बेग्लै उथलपुथल आउँछ । यदि तपाईंले कसलाई माया प्रेम गर्नु भएको छ मन पराउनु भएको छ भने जब तपाईं आफ्ना प्रेमी/प्रेमिकाको नजिकमा पुग्नुहुन्छ, तपाईंको धड्कन बढ्न थाल्छ ।तपाईको अनुहारको भाव परिवर्तन हुन्छ । प्रेम एक भावनात्मक कुरा हो । तर, यसको प्रभाव शरीरमा पनि देखिन्छ । कतिले प्रेमलाई इमोसनल वा मनोभावनाको रुपमा व्याख्या गरेको पाइन्छ तर, माया प्रेम त्यति मात्र होइन । माया प्रेम यात्राको सहारा र सहयात्री हो,सम्बन्धको आँट हिम्मत र साहस हो । माया शक्ति हो ।बल हो तर, यति दोहोरो रह्यो भन्ने मात्र । पृथ्वीको जीवहरुमा प्रेमबिनाको जीवन कुनै न कुनै अर्थमा असन्तुलित हुन्छ । प्रेमले जीवनमा सन्तुलन, सन्तोष र परितृप्ति ल्याउँछ । प्रेमलाई केवल प्रेमी प्रेमिकासँग मात्र जोड्नु हुँदैन , संसारै मायामै अडेको छ।

प्रेम यो शब्द कति प्रिय छ, मिठो छ सुनिरहुँ जस्तो । यसका धेरै आयाम छन्, धेरै रुप छन्। काल्पनिक माया, सांसारिक माया, पारिवारिक माया, माटोको माया, आफ्नो माया, प्राणीको माया, सम्पत्तिको माया, आफ्नाको माया, पराईको माया, आमाको माया, सन्तानको माया, राजाको माया, प्रजाको माया, बहुरुपी छ माया, देखावटी माया, छुपारुस्तम माया, साँचो माया, झुटो माया, दृष्य माया, अदृष्य माया । माया प्रेम विभिन्न किसिमका छन् । तर, यस धर्तीमा मान्छेसंगै कुनै प्राणीले कसैलाई माया सत्य मनले गर्छ भने त्यो अर्थ राख्ने नै गर्नुपर्छ । देखाउन र स्वार्थ राखेर माया गरिन्छ भन्ने त्यो माया हुनै सक्दैन। केटाले केटीलाई मोटी भई ,गोथी छे , लुती भई , नराम्री छे , र केटीले केटालाई अग्लो होचो ,कालो ,लुते लगायतको कुरामा मापन गरेर हेरिन्छ भन्ने त्यो माया होइन । त्यो त केबल आकर्षण मात्र हुन जान्छ । स्वार्थ राखेर गाँसिने सम्बन्ध भन्दा नगाँस्नु जाति हो। माया प्रेममा त गुण ,व्यवहार ,आचरण ,भाषाशैली ,इमान्दारिता,सच्चाईलगायत बिषय हेर्नुपर्छ । अनि मात्र माया र प्रेमको आभाष सही हुन्छ ।यहाँका सबै प्राणीहरुबीचमा मायाको शितल आँचल लहराइरहोस्, माया नै धर्म हो, शक्ति हो अनि शान्ति पनि। माया र आफ्नो मायालुप्रति बफादार बनौं पनि। माया गरेको मान्छेसँग टाढा हुनुहुन्छ भने एकफेर बात मारेर बताइदिनुहोस् - तपाईँ कति माया गर्नुहुन्छ भनेर ? भेट्न सम्भव छ भने भेटिदिनुहोस् , एक कप चिया मात्रै खाए पनि हजारौं वर्षलाई पुग्नेगरी माया मुटुभरि भर्नुहोला । मायामा अडेको यो संसार, अब मायाको सरल विश्लेषण अनि परिभाषा गर्ने दुस्साहस त हामी पक्कै गर्ने छैनौं तर, यति अवश्य भन्दछौँ- यो संसारका हरेक मनहरूमा मायाको गुरुत्वाकर्षण भरिएको छ । जसले हरेक हृदय अनि आँखालाई तानिरहेकै हुन्छ।

प्रेम सम्मान हो, विश्वास हो अनि अहिलेसम्म यो पृथ्वी बाँच्नुको कारण हो। मायाका नाममा कुनै दुर्व्यवहार नगरौं, मायाको सम्मान गरौँ अनि मायाको पहिचान बनाऔं। बलजफ्ती प्राप्तिको लालसा माया कदापि हुनै सक्दैन, त्यो अपराध हो, अपमान हो।

प्रकृतिले पनि हामीलाई माया गर्न सिकाएको छ प्राकृतिक रुपमा न कि विकृत रुपमा । यो प्रकृति, झरना, नागवेली नदी, ताल तलैया, फूलहरु, चराचुरुङ्गी, चखेवा जोडी, यी सबै प्रेम प्रतिक हुन् झैँ लाग्छ मलाई। हाम्रा धार्मिक ग्रन्थ हुन् या मठ मन्दिर , साहित्य हुन् या दन्त्य कथा , सबैमा कतै न कतै प्रेम जोडिएको छ या भनौं प्रेम गाथा गाएकै छन् गीत संगीतको आविष्कार त प्रेमले नै गरेझैँ लाग्छ मलाई।

किन होला हिजो आज बरालिन्छ मन यो, जति बाँधी राखुँ भन्छु उति उड्छ मन यो । छाया एउटा सँधै डुल्छ, जहाँ जहाँ म डुले फूल भुल्यो भमरामा, कुन्नी केमा म भुलेँ ?? यो शब्द पनि सायद माया प्रेमबाट नै कोरिएको हुनु पर्छ ।डाली डाली फुलेको फूल अनि भमरासहित पिरतीमा परेको प्रेमी या प्रेमिकाको मनोभावना चित्रण गरिएको यो गीतले मायाको मनोभाव दर्शाउँछ ।

तर पश्चिमी सभ्यताका आयातित 'डे' का भ्यालेन्टाईन डे मनाएको पाइन्छ ।मेरो विचारमा माया गर्ने ,प्रेमका आयाम साट्न कुनै डे,कुनै बार ,कुनै महिना आदि चाहिदैन।त्यसकारण भ्यालेन्टाईन डेलाई आलोचना पनि गरिएको छ । तोकिएको कुनै विशेष मितिभन्दा पनि निस्वार्थ माया महत्वपूर्ण हो । मायाको कुरा गरिन्छ र मानवता आत्मसात गरिन्छ भने नेपालीहरुलाई दिन विशेषसँग किन समस्या पर्ला र ? मायाको यो दिवस हामी सबैलाई मिठै लाग्छ, कि कसो ?यो दिन लुकीचोरी धेरैजनाले आफ्ना मायाका भावनाहरु साटासाट गर्नेछन्, धेरै प्रेमकथाहरु सफल भएर जीवनको गोरेटोमा सहयात्राका कथाहरू लेखिएलान् भने कति त्यस्ता प्रेमकथाहरुमा ब्रेक पनि लाग्लान् तर, यसको अर्थ संसार सक्किएको होइन, तपाईलाई माया गर्ने पात्रको खडेरी परेको हैन, सायद ! तपाईलाई धेरै माया अर्कै पात्र अन्त कतै छ.. कुरी बसेको छ त्यो बुझ्नु आवश्यक छ ।अनि मन मिलुन् जेल माया लाग्ने नमिले पछि मन नपराउने त्यो पनि माया होइन फेरि ।

एउटा अचम्मको तथ्य के छ भने, 'संसारमा स्वर्ण अक्षरले कुदिएका प्रेमकथाहरु संयोगान्तभन्दा वियोगान्त छन् ।' अर्थात माया सहज छैन, उदाहरणका लागि भगवान श्री कृष्ण अनि राधाबीच समेत विवाह भएको थिएन, मुना-मदन, हिर र रान्झादेखि रोमियो अनि जुलियटसम्मले समेत संयोगान्त कथा कोर्न सकेनन् तर यी प्रेमी जोडीलाई आज पनि संसारले आदर र महत्वकासाथ प्रेमी मनमा अमर राखेका छन् केवल चोखो मायाका कारण, चोखो पिरतीका कारण....

मनै त हो, स्वीकारिए पनि या अस्वीकार भएपनि आत्तिने अनि मात्तिने नगरौं आफूले एकोहोरो चाँहदैमा त्यो माया प्राप्त हुनैपर्छ भन्ने जरूरी छैन, मूल कुरो हो एकअर्काबीच अचानक जुट्न पुग्ने मनको तार, जुन जब बज्छ थाल्छ तब सबै प्रेमी सङ्गीत अपूरा लाग्न थाल्छन्, दिनभरीका कुराहरू अधूरा लाग्न थाल्छन् । प्रेम सम्मान हो, विश्वास हो अनि अहिलेसम्म यो पृथ्वी बाँच्नुको महत्वपूर्ण कारण हो। संसारका प्रेमी-प्रेमिका, प्रेम गर्ने र प्रेम गर्न चाहनेका लागि एउटा विशेष उत्सवको दिन हो भ्यालेन्टाईन डे। आफूले माया गरेको, मन पराएको वा चाहेको मान्छेलाई आफ्नो भावना अभिव्यक्त गर्ने दिन हो । अर्थात प्रणय दिवस । तर पछिलो समय यो डेलाई विकृतिका रुपमा पनि हेरिएको छ । खर्चिलो र गलत ढङ्गले यस पर्व मनाएकै कारण यो डेको गलत व्याख्या भएको छ ।त्यसर्थ माया प्रेम गर्ने कुनै डे कुरिराख्नु पर्दैन।यो प्रेमिल दुनियाँलाई अगाध, असिम माया छ मेरो। सबैलाई प्रेमी भएर बाँच्ने शुभकामना छ।

# धानको मूल्य बिचौलियाको हातमा



झापा(प्रस) । विराटनगरको तीनपैनी चोकमा हरेक साँझ केही धान मिल सञ्चालक एवं बिचौलियाको भेला हुन्छ ।

भेलाले भोलिपल्ट धान खरिद बिक्री हुने मूल्यको निर्धारण गर्छ । अनि त्यही मूल्यमा उत्पादन बेच्न किसान बाध्य हुन्छन् । यस्तो भेला यसअघि अतिथि सदन अगाडि हुन्थ्यो । सरकारले समर्थन मूल्य तोके पनि सम्बन्धित निकायले समयमा धान खरिद नगर्दा पूर्वका किसान मिल सञ्चालक एवं बिचौलियाबाट पीडित हुँदै आएका छन् । सरकारले कात्तिक दोस्रो साता मोटा धान प्रतिक्विन्टल २ हजार ९ सय ६७ रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार १ सय २८ रुपैयाँ तोकेको थियो । सरकारी निकायले तय गरेको मूल्यमा धान खरिद नगर्दा किसान मोटा धान राधा १२ प्रतिक्विन्टल २ हजार ६ सय ५०, मध्यममा पर्ने कान्छी बास २ हजार ५ सय ५० र रञ्जित मन्सुली प्रतिक्विन्टल २ हजार ९ सयमा बिक्री गर्न बाध्य छन् । ऊबेलादेखि हुँदै आएको यस्तो भेलाले धानको माग तथा आपूर्तिका आधारमा मूल्य निर्धारण गर्ने गरेको उद्योग वाणिज्य महासंघ प्रदेश १ का कृषि संयोजक श्रवण अग्रवालको भनाइ छ । 'सीमावर्ती क्षेत्रको बजार मूल्य र माग अनि आपूर्तिको अवस्थालाई हेरेर धान लगायत कृषि उपजको मूल्य परम्परादेखि नै यसैगरी तोकिँदै आएको छ,' अग्रवालले भने, ' अहिले उपलब्ध हुने धानमा कम्तीमा पनि १६ प्रतिशत भुस हुने गरेकाले मूल्यांकन कम हुनु स्वाभाविक हो ।' उनका अनुसार अहिले उपलब्ध हुने धानमा बढीमा १४ प्रतिशत मात्र भुस हुनुपर्ने हो ।

यसरी तोकिएको मूल्यलाई यहाँको व्यापार संघले सार्वजनिक गरेपछि मोरङ, सुनसरी र झापामा लागू हुँदै आएको संघकै कार्यकारी निर्देशक कृष्ण रेग्मीले पुष्टि गरिदिए । उनले थपे, 'यसरी निर्धारण गरेको मूल्यलाई प्रदेश सरकार र स्थानीय प्रशासनले समेत मान्यता दिँदै आएको छ ।' सिँचाइ, मल र बीउमा अनुदान पाउने गरेकाले सीमावर्ती भारतीय किसानको उत्पादन लागत कम पर्दा त्यहाँ धानको मूल्य यहाँको भन्दा न्यून हुन्छ । एक व्यापारीका अनुसार

❖ बाँकी अन्तिम पृष्ठमा

# डीएसपी ठगबहादुर सुन र नगदसहित पक्राउ

झापा(प्रस) । ईलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक (डीएसपी) ठगबहादुर केसीलाई प्रहरी अनुसन्धान टोलीले पक्राउ गरेको छ ।

प्रहरी प्रधान कार्यालयको निर्देशनमा काठमाडौंबाट आएको टोलीले आइतबार साँझ निवासबाटै डीएसपी ठगबहादुरलाई नियन्त्रणमा लिएको हो । सुन कारोबारसम्बन्धी मुद्दामा व्यापारीसँग रकम असुली गरेको विषयमा विवादमा मुछिएका केसीलाई अनुसन्धान गर्न भन्दै आएको प्रहरी टोलीले केसीको





निवासमा समेत खानतलासी गरेको थियो । खानतलासीबाट ३५ तोला सुन र २५ लाख रुपैयाँ नगदसमेत बरामद भएको प्रहरी स्रोतको भनाइ छ । नगद र सुनसहित फेला परेका केसीलाई आइतबार साँझदेखि नै नियन्त्रणमा लिएर राखिएको छ ।

मंसिरमा बुटवलका एक व्यापारीले ल्याएको सुन नियन्त्रणमा लिएर आफैंले राखेको सूचना पाएपछि प्रहरी प्रधान कार्यालयले उनीमाथि छानबिन सुरू गरेको थियो । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख रविन्द्र रेग्मीले रकम असुलीबारेको अनुसन्धानमा सीबीआई टोलीले सुरक्षा निगरानीमा राखेको बताए । 'केही अनुसन्धान गर्नुपर्ने विषय भएकाले सुरक्षा निगरानीमा राखिएको हो । दिउँसो सीबीआई टोलीसँग भेटेपछि थप कुरा प्रष्ट हुनेछ,' उनले भने ।

# 'तुनिषाले ब्रेकअपका कारण गरिन् आत्महत्या '

एजेन्सी । टिभी अभिनेत्री तुनिषा शर्माको मृत्युको मामिलामा मुम्बई प्रहरीले उनले ब्रेकअपका कारण आत्महत्या गरेको बताएको छ । मुम्बई प्रहरीका एसिपी चन्द्रकान्त जाधवले टिभी अभिनेत्री तुनिषा शर्माको मृत्युको मामिलामा उनको शीजान खानसँग प्रेम सम्बन्ध रहेको र उनीसँग ब्रेकअप भएपछि उनले आत्महत्या गरेको बताएका छन् । उनले भने, 'तुनिषा शर्मा



एक टिभी कार्यक्रममा अभिनय

गरिरहेकी थिइन् । १५ दिनअघि उनको ब्रेकअप भएको थियो, त्यसपछि तुनिषाले आफ्नो शोको सेटमा आत्महत्या गरिन् ।' तुनिषाकी आमाले उजुरी दिएको एसीपी चन्द्रकान्त जाधवले बताए । उनको उजुरीका आधारमा शीजानलाई पक्राउ गरी अदालतमा पेश गरिएको छ । उनले शीजानलाई चार दिनको प्रहरी हिरासतमा राखिएको बताए । पोष्टमार्टम रिपोर्टमा तुनिषाको मृत्यु झुण्डिएर भएको स्पष्ट लेखिएको छ । यसअघि टिभी अभिनेत्री तुनिषा शर्माको मृत्युको सम्बन्धमा वालिव प्रहरीले सह-कलाकार शीजान खानविरुद्ध आत्महत्या दुरुत्साहन मुद्दा दर्ता गरी पक्राउ गरेको थियो ।

# विपन्नलाई प्राविधिक शिक्षा पढाउँदै इलाम नगरपालिका

झापा(प्रस) । इलाम नगरपालिकाले विपन्न विद्यार्थीलाई प्राविधिक शिक्षा निःशुल्क पढाउन शुरु गरेको छ ।

ग्रामीण क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ प्राविधिक शिक्षा अध्ययनमा सहयोग गरेको नगर प्रमुख केदार थापाले बताए । इलाम नगरपालिकाले नगर क्षेत्रका २४ जना विद्यार्थीलाई अध्ययन गराउने योजना भएपनि पहिलो चरणमा १४ विद्यार्थी छनोट भएका छन् । निःशुल्क अध्ययन गर्न आवश्यक शुल्क नगरपालिकाले सिधै प्राविधिक शिक्षालयमा भुक्तानी गर्ने प्रमुख प्रशासकीय अधिकृत गणेशकुमार खड्काले बताए । निःशुल्क अध्ययन गर्न छनोट भएकामध्ये सिभिल इञ्जिनियरमा ४ जना , वन विज्ञानमा ३ जना, पशु विज्ञान १, फार्मेसीमा ४ जना र बालिविज्ञामा २ जना छन् । विद्यार्थीले नगरपालिकाको लगानीलाई सदुपयोग गर्नुपर्ने नगर उप-प्रमुख विष्णु दाहालले बताइन् । प्राविधिक शिक्षा निःशुल्क अध्ययनको काम इलामको साखेजुङस्थित रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालयमा हुँदै आएको छ ।

नगरपालिकाले प्राविधिक विषय अध्ययन गर्ने १४ विद्यार्थीलाई निःशुल्क अध्ययनको व्यवस्थापछि उनीहरूले कम्तीमा १ वर्ष नगरपालिकामा सेवा गर्नु पर्नेछ । विद्यार्थीलाई नगरले इलाम नगरपालिका १ मा रहेको रत्नकुमार बहुप्राविधिक शिक्षालयमा छात्रवृत्तिको व्यवस्था गरी यो सुविधा दिएको हो । नगरका १२ वटा वडाबाट दुईजनाका दरले २४ जना विद्यार्थीको कोटा रहेपनि १४ जना विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । विद्यार्थीलाई निःशुल्क अध्ययनका लागि नगरले यो वर्ष १० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष** कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन** यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट** शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह** परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या** आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक** आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ** मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन** दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।